## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# विशेष आर्थिक क्षेत्र प्राधिकरण
त्रिपुरेश्वर, काठमाडौं

## भैरहवा विशेष आर्थिक क्षेत्र तथा सिमरा विशेष आर्थिक क्षेत्र ब्लक "A" र ब्लक "A Expansion" मा उद्योग स्थापना तथा सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा १५ दिने सूचना ।

**प्रकाशित मिति : २०८३/०५/०३**

**आवेदन दिने अन्तिम मिति: २०८३/०५/१७ गते बेलुकी ५ बजेसम्म**

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा ८ को उपदफा (१) तथा विशेष आर्थिक क्षेत्र नियमावली, २०७४ को नियम २४ तथा २५ बमोजिम विशेष आर्थिक क्षेत्रहरुमा उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्न इच्छुक लगानीकर्ता उद्योगीहरुलाई नियमावलीको अनुसूची ४ बमोजिमको आवेदन दिन यो सूचना आह्वान गरिएको छ । आवेदकहरुले देहाय बमोजिम आवेदन दिनुहुन जानकारी गराइन्छ ।

**देहाय**

१. विशेष आर्थिक क्षेत्रमा स्थापना गर्न नसकिने विशेष आर्थिक क्षेत्र (संशोधन सहित) नियमावली, २०७४ को अनुसूची ३ मा उल्लेख भएको उद्योग बाहेकका उद्योगहरू स्थापना गर्नुपर्नेछ ।

२. उद्योगलाई विशेष आर्थिक क्षेत्र ऐनको दफा १६ को खण्ड (फ) बमोजिमका सुविधाहरूको प्रबन्ध हुनसक्नेछ ।

३. विशेष आर्थिक क्षेत्रको जग्गा बहाल रु. ५ प्रति वर्ग मि. प्रति महिना हुनेछ । यसमा पहिलो ३ वर्षसम्म ऐनको दफा २६ बमोजिम छुट सुविधा उपलब्ध हुनेछ ।

४. भैरहवा विशेष आर्थिक क्षेत्रको प्लट नं. K1 र K2

५. सिमरा विशेष आर्थिक क्षेत्र ब्लक "A" को प्लट नं. २०

६. सिमरा विशेष आर्थिक क्षेत्र ब्लक "A" एक्स्पान्सनको प्लट नं. १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २९ र ३१

७. भू-बहाल अवधि: बढीमा ३० वर्ष । कानूनमा व्यवस्था भए बमोजिम थप गर्न सकिने ।

८. आवेदनको ढाँचा र आवेदनको साथमा पेश गर्नुपर्ने कागजात तथा विवरणहरूको विस्तृत जानकारी प्राधिकरणको वेबसाइट www.seznepal.gov.np मा उपलब्ध छ ।

९. विस्तृत जानकारीका लागि प्राधिकरणको केन्द्रीय कार्यालय त्रिपुरेश्वर, काठमाडौं फोन नं. ०१-५३६५०२३ र ०१-५३५८०४९ मा सम्पर्क गर्न सकिनेछ ।